# सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सन्धिखर्क, अर्घाखाँची

## लुम्बिनी प्रदेश, नेपाल

## पार्किङ्ग व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८२/०५/०३ गते**

आ.व.२०८२/८३ मा आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० र सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका सर्तहरुको अधिनमा रहने गरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**देहाय:**

१. शिलबन्दी दरभाउपत्रको फाराम मिति २०८२/०५/१७ गतेसम्म कार्यालय समयभित्र यस कार्यालयको राजस्व शाखाबाट रु १०००। तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । यसका लागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ मु.अ.कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित आ.व. २०८२/८३ को लागि मान्य हुने कागजाहरू संलग्न गरी निवेदन दिनु पर्नेछ ।

२. कबुल रकम तथा धरौटी रकम अङ्क र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

३. दरभाउपत्र २०८२/०५/१८ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सोही दिनको २:०० बजे यस कार्यालयका कर्मचारी र दरभाउपत्रदाताको उपस्थितिमा दरभाउपत्र खोलिने छ । दरभाउपत्र खोल्दा दरभाउपत्रदाता अनुपस्थित भएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघि आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

६. शिलबन्दी दरभाउपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.वा.बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं, र नाम उल्लेख गरी ७५ दिन म्याद भएको बिडबण्ड शिलबन्दी खाम साथ पेस गर्नु पर्नेछ ।

७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ ।

८. ठेक्का सम्बन्धी अन्य सर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराईने छ । अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ । सम्पर्क नम्बर ९८५७०२८९८८ रहेको छ ।

९. यस सूचनामा उल्लिखित सर्त यसै बमोजिम हुने अन्य छुट भएका सर्त एवम् व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल**

| ठेक्का नं राजस्व | पार्किङ्ग स्थलको विवरण | न्यूनतम अङ्क मु.अ.कर बाहेक | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| ठे.न १/ राजस्व २०८२/८३ | सुपादेउराली नरपानी क्षेत्रको पार्किङ्ग स्थल खाँचीखोला पुल निरको सडकसँग सटेर रहेको फराकिलो जग्गा, खाँचीखोला पुलदेखि माथिल्लो भागमा रहेको खाँचीखोलासँग सटेको भागको समथर जग्गा, नरपानी पिक्कनिक स्पटसँग सटेको हाल सवारीका साधनहरु पार्किङ्ग गरी राख्ने स्थान र सन्धिखर्क गोरूसिङ्ग सडक खण्डको सडक आवागमनमा असर नपुग्ने गरी सडकको दायाँबायाँ सटेर रहेको फराकिलो जग्गा समेतलाई जनाउँनेछ। | ३,००,००० ।- (तीन लाख) मात्र | १००० ।- |

**प्रमुख प्रशासकीय अधिकृत**